# पाल्पा जिल्ला अदालत

## तानसेन पाल्पा

## सिलवन्दी दरभाउपत्र आव्हान सम्वन्धी सूचना

**सूचना नं- १/२०७३/७४**

सूचना प्रकाशित मिति: २०७३/११/१६

यस अदालतको पुस्तकालय कक्ष निर्माण कार्य सिलवन्दी दरभाउपत्रको माध्यामद्धारा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट ईजाजत प्राप्त ईच्छुक नेपाली निर्माण व्यवसायीहरूका लागी निम्न शर्तको अधीनमा रहि रितपूर्बक सिलवन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

१. दरभाउपत्र फारम यस अदालतवाट सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र प्रोपराइटर वा निजको अधिकृत प्रतिनिधिबाट तपसिलमा उल्लेखित दस्तुर तिरी (पछि फिर्ता नहुने गरी) फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाण पत्र, व्यवसाय दर्ताको इजाजतपत्रको प्रतिलिपी, आ.ब. २०७२/७३ सम्मको करचुक्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र स्थायी लेखा दर्ता नंवरको प्रतिलिपीको साथमा खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाझिएको र सम्वन्धित व्यवसाय सम्वन्धी कसूरमा आंफूले सजाय नपाएको भनी लिखित रूपमा गरेको घोषणा सहित निवेदन पेश गरी कार्यालय समय भित्र खरिद गर्न सकिनेछ । दरभाउपत्र फारम खरिद वा दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सोको भोलिपल्ट सोही समयमा खरीद गर्न वा बुझाउन सकिने छ ।

२. खरीद गरिएका दरभाउपत्र फारम नियमानुसार भरी, प्रत्येक पानामा सहिछाप गरी सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिन दिनको १२.०० बजेभित्र यस अदालतमा सिलबन्दी रूपमा दाखिला गर्न सकिने छ । दाखिला हुन आएका सिलवन्दी दरभाउपत्रहरू सोही दिनको २.०० बजे यस अदालतमा उपस्थित दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरू र कार्यालयका प्रतिनिधिहरूको रोहबरमा खोलिनेछ । दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरू उपस्थित नभएतापनि सिलवन्दी दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

३. सिलबन्दी दरभाउपत्र फारम राखि पेश गरीएको खामको बाहिर पट्टी फर्मको नाम, कामको बिबरण, सिलवन्दी दरभाउपत्रदाताको नाम ठेगाना र मोवाईल नंवर स्पष्ट रूपमा लेखिएको हुनुपर्नेछ ।

४. सिलवन्दी दरभाउपत्रको मान्य अवधि सिलवन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मितिवाट ४५ (पैंतालिस) दिनको हुनेछ र सिलवन्दी दरभाउपत्रको साथ कोष तथा लेखा नियन्त्रक कार्यालय तानसेन, पाल्पामा रहेको धरौटी खाता नं ३०३०२०३०००००० मा आफूले जमानत बापत जम्मा गरेको धरौटी रकमको सक्कलै बैक भौचर वा ९०(नव्वे) दिन अवधि भएको नेपाल सरकारबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैकहरूबाट सो रकम वरावरको यस कार्यालयको नाममा जारी गरिएको जमानत (बिडबण्ड) पेश गर्नु पर्ने छ ।

५. सिलवन्दी दरभाउपत्र फारममा दररेट उल्लेख गर्दा अकं र अक्षर दुबैमा स्पष्ट लेख्नुपर्नेछ । अकं र अक्षरमा फरक देखिएमा अक्षरलाई मान्यता दिईनेछ ।

६. एउटा फर्मको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्मको नाममा दाखिला गर्न पाईनेछैन ।

७. कार्यालयबाट उपलब्ध दरभाउपत्र फारममा थपघट गरिएको, रित नपुगेको, म्याद नाघी पेश हुन आएको तथा कुनै शर्त राखी पेश गरेको सिलवन्दी दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन साथै सिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस अदालतमा सुरक्षित रहनेछ ।

८. सिलवन्दी दरभाउपत्र पेश गर्ने फर्मदाताहरूले निर्माण स्थलको निरीक्षण गर्न सक्नेछन र सिलवन्दी दरभाउपत्र पेश गर्ने दरभाउपत्रदाताले निर्माण स्थलको निरिक्षण गरेको मानिनेछ ।

९. अन्य कुराको जानकारी आवश्यक भएमा यस अदालतमा कार्यालय समय भित्र फोन नं. ०७५ ५२०११० मा सम्पर्क गर्न सकिनेछ ।

१०. यसमा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३, (संसोधित) र सार्वजजिक खरिद नियमावली २०६४ (संसोधित) वमोजिम हुनेछ ।

| सि.नं | ठेक्का नं. | कामको बिबरण | ल.ई.रकम भ्याट र कन्टेन्जेन्सी बाहेक | जमानत रकम | दरभाउपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| १ | १/२०७३/०७४ | पुस्तकालय कक्ष निर्माण | १३,४३,६७८।८३ | ३४,०००।० | १०००।० |